# मिति २०७५/११/२९ गतेको बैठकको निर्णय

**प्रस्ताव नं. १ :- आ.व . ०७४/०७५ को म.ले.प.को प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ उपर छलफलगर्दा यस नगरपालिकाको आ.व. ०७४/०७५ को म.ले.प. प्रतिवेदन उपर बुंदागत छलफल गरियो र उक्त प्रतिवेदनमा औल्याईएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने बेरुजुको हकमा सम्वन्धित शाखा/वडा कार्यालय/व्यक्तिहरुले यथेष्ट प्रमाण, सुझाव सहित कार्यपालिका बैठक मार्फत नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :- नगर सभाको बैठक संचालन तथा प्रस्ताव सम्बन्धमा ।**

**निर्णय नं.२ :-** प्रस्ताव नं. २ उपर छलफलगर्दा यस नगरपालिकाको चौथो नगरसभा बैठक यस अघिको कार्यपालिका बैठकबाट तोकिएको मितिमा हुन नसकेकोमा उक्त नगर सभाको बैठक यहि मिति २०७५ चैत्र ४ गते विहान ११:०० बजे देखि कार्यपालिका कार्यालयको सभा कक्षमा बस्ने साथै नगरसभा बैठकमा तपसिल बमोजिमका प्रस्तावहरु लैजाने निर्णय गरियो ।

**नगर सभा बैठकका लागि तय गरिएका प्रस्तावहरु**

क) आ.व. ०७५/०७६ का लागि स्वीकृत बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
ख) नगरपालिकाको विभिन्न ऐन संशोधन सम्बन्धमा ।
ग) लेखा समिति, सुशासन समिति लगायतका समिति गठन सम्बन्धमा ।
घ) आ.व. ०७४/०७५ को म.ले.प. प्रतिवेदन सम्बन्धमा ।
ङ.) कर्मचारी समायोजन सम्बन्धमा ।
च) विविध सम्बन्धमा ।

***सवै प्रस्तावहरुमा छलफल र निर्णय गर्न समयाभावको कारण अर्को बैठक मिति २०७५ चैत्र ०१ गते बस्ने गरी बैठक स्थगित गरियो ।***

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख
तपेन्द्र बहादुर रावत

# मिति २०७५ चैत्र १ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्ताव नं. ३ : शहरी विकास तथा भवन कार्यालयको जग्गा व्यवस्थापन लगायत आवश्यक सहयोग सम्बन्धमा ।**

निर्णय नं.३ :प्रस्ताव नं. ३ उपर छलफलगर्दा शहरी विकास तथा भवन कार्यालय, धनगढी, कैलालीको प.स. ०७५/०७६, च.नं. ७७ , मिति २०७५/१०/११ गतेको पत्रबाट तपसिल बमोजिमका योजनाहरु निर्माणका लागि जग्गा व्यवस्थापन तथा स्थानीय वासीहरु संग समन्वय गर्ने कार्यमा सहयोगका लागि अनुरोध भई आएकोमा आवश्यक समन्वयका लागि सम्बन्धित वडा नं. १ का वडाअध्यक्षलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

तपसिल :

१.सहभागिताको आधारमा वादी समुदायिक सहयोग समिति भवन निर्माण रु. ५० लाख

२.सहभागिताको आधारमा मूक्त कमैया वस्ती शक्तिनगर सामुदायिक भवन निर्माण रु. ४० लाख

**प्रस्ताव नं. ४ : शहरी स्वास्थ्य केन्द्रको दरबन्दि स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं.४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ५ र ७ नं मा शहरी स्वास्थ्य केन्द्र स्थापनाका लागि आ.व. ०७५/०७६ का लागि सम्पन्न नगरसभाबाट नीतिगत निर्णय भएकोमा यस नगरपालिका क्षेत्र भित्र रहेका शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने र जनशक्तिको हकमा व्यवस्थापन गर्ने सम्बन्धमा मिति २०७५ पौष १७ गतेको कार्यपालिकाको बैठकको निर्णयबाट कार्यान्वयन गरिसकेकोमा तपसिल बमोजिमका दरबन्दी स्वीकृतका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल :

| क.सं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अ.हे.व.(प्रा.)सहायक स्तर चौथो | २ | |
| २. | अ.न.मि.(प्रा.) सहायक स्तर चौथो | २ | |
| ३. | कार्यालय सहयोगी (श्रेणी विहिन) | २ | |

**प्रस्ताव नं. ५ : अपांगता सम्बन्धि कार्यविधि र परिचयपत्र सम्बन्धमा ।**

**निर्णय नं.५:** प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र रहेका अपाङ्गता भएका नागरिकहरुको पहिचान गरी उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता सेवा सुविधाहरुको लागि योजना निर्माण गर्न लगत राख्ने लगायतका उद्देश्य परिपूर्तिका लागि यस नगरपालिकाको **"टीकापुर नगरपालिका, अपाङ्गता भएका व्यक्तिको परिचय -पत्र वितरण कार्यविधि, २०७५"** स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकिकृत वस्ती विकास गर्नुपर्ने स्थानको विवरण सम्बन्धमा**

**निर्णय नं. ६ :-** प्रस्ताव नं.६ उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, धनगढी, कैलालीको प.स.२०७५/७६, च.नं.:३६५७, मिति २०७५।११।१४ को जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकिकृत वस्ती विकास गर्नुपर्ने स्थानको विवरण उपलब्ध गराईदिने सम्बन्धमा प्राप्त पत्र बमोजिम यस क्षेत्रमा विपदको उच्च जोखिममा रहेका वस्तीहरुको विस्तृत विवरण तयार पारी कार्यपालिका बैठकमा पेश गर्नका लागि वन , वातावरण तथा विपद् व्यवस्थापन समितिलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : गरिव संग विश्वेश्वर कार्यक्रमको आयोजना सम्बन्धमा ( वडा नं. ५ र ७) ।**

**निर्णय नं.७:-** प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं. ५ र ७ मा सन्चालित गरिब संग विशेश्वर कार्यक्रम अन्तरगत प्राप्त बजेटबाट वडा नं.५ र ७ को वडा कार्यालयबाट तपसिल बमोजिमका कार्यक्रम छनौट गरी स्वीकृतका लागि पेश भएकोमा उक्त कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | कार्यक्रमको नाम | कार्यक्रम स्थल | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|
| | बंगुर पालन तालिम (पाठा वितरण सहित) | वडा नं. ५ र ७ | १,००,०००। | प्रतिवडा ५० हजार |
| | पूर्वाधार विकास कार्यक्रम ( खानेपानीका लागि हेण्डपम्प [illegible] | वडा नं. ५ र ७ | १,००,०००। | प्रतिवडा ५० हजार |

**प्रस्ताव नं. ८: लोगो निर्माण सम्बन्धमा ।**

**निर्णय नं.८:-** प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस टीकापुर नगरपालिका, कार्यपालिकाको मिति २०७५ पौष २१ गतेको कार्यपालिका बैठकको निर्णयानुसार यस टीकापुर नगरपालिकाको पहिचान झल्कने, स्पष्ट र आकर्षक लोगो डिजाईन निर्माण गर्ने सम्बन्धमा लोगो डिजाईन सम्बन्धि कार्यलाई ब्यवस्थित रुपले कार्यान्वयन गर्न गठित कार्यदलको मिति २०७५/१०/१८ गतेको बैठकको निर्णयानुसार पेश गरिएको लोगोमा समेटिएका विभिन्न रंग, प्रतीक र चिन्हहरुको प्राविधिक पक्ष मिलाउनका लागि केहि परिमार्जन गर्नुपर्ने देखिएकोले लोगोमा परिमार्जन /संशोधन गरी कम मात्रामा चित्रहरु रहने गरी स्पष्ट प्रकारको लोगो तयार गरि पेश गर्नका लागि उक्त कार्यदलमानै फिर्ता पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९ : टीकापुर नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण कार्यविधि, २०७५ सम्बन्धमा ।**

**निर्णय नं.९ :** प्रस्ताव उपर ९ माथि छलफल गर्दा यस नगरपालिकामा सन्चालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रम प्रभावकारी रुपले कार्यान्वयन गर्ने/गराउने उद्देश्य अनुरुप यस टीकापुर नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१०: जनता संग मेयर/उपमेयर कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं.१०** :प्रस्ताव नं.१० उपर छलफलगर्दा यस नगरपालिकाको चालु आ.व.०७५/०७६ मा पूंजिगत खर्च अन्तर्गत जनता संग मेयर /उपमेयर कार्यक्रमका लागि विनियोजित बजेटबाट कार्यक्रम संचालन गर्दा तपसिल बमोजिम गर्ने/गराउने निर्णय गरियो ।

तपसिल :

- नगरप्रमुख र उपप्रमुखको नगर क्षेत्रभित्रका टोल-वस्ती भ्रमण हुने क्रममा पिछडिएका वस्ती, क्षेत्र, वर्ग वा समुदायमा न.पा.का कुनै योजना नपरेको अवस्थामा तत्कालै सम्बोधन गर्नुपर्ने माग/आवश्यकता/समस्या देखिएमा बढिमा १ लाख सम्मको बजेट भित्र रही योजना, कार्यक्रम उपलब्ध गराउने गरी आदेश गर्न सक्ने ।
- यसरी बजेट/कार्यक्रम उपलब्ध गराउँदा सवै वडा समेटिने प्रयास गर्नुपर्ने ।
- एक वस्ती, टोल,क्षेत्रमा एकै आ.व.मा यस्ता कार्यक्रम दोहोर्‍याएर उपलब्ध नगराईने ।
- जनताका माग, गुनासो, आवश्यकता र आवाज सुन्ने र सम्बोधन गर्नका लागि बढीमा ५० हजार सम्मको मिडिया क्षेत्रको कार्यक्रममा खर्च गर्न सकिने ।
- कूल विनियोजित बजेटबाट मिडिया क्षेत्रको ५० हजार कटाई बाकि बजेटबाट हुन आउने ६० प्रतिशत रकम नगर प्रमुख र ४० प्रतिशत रकम नगर उपप्रमुखको आदेशबाट खर्च गर्न सकिने ।
-

**प्रस्ताव नं.११ : बाह्य चक्रपथ सम्बन्धमा ।**

**निर्णय नं.११ :** प्रस्ताव नं.११ उपर छलफल गर्दा यस टीकापुर नगरपालिकाको (वडा नं. १ देखि वडा नं ५) साविकको बाह्य चक्रपथको रेखाकंन भईसकेकोमा स्थानीय तहको पूर्न संरचनाको क्रममा थप भएका साविक धनसिंहपुर र नारायणपुर गा.वि.स. (हालका वडा नं. ६ देखि ९) समेटिने गरी उक्त चक्रपथको क्षेत्र पहिचान गरी अनुमानित लम्बाई तय गरी सो चक्रपथको विस्तृत परियोजना प्रतिवेदन (डि.पी. आर.) गर्नका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१२ : घर नक्शा अभिलेखीकरण सम्बन्धमा ।**

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ उपर छलफल गर्दा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७२, (संशोधन सहित २०७३) भन्दा अगावै पुरानो मापदण्ड बमोजिम निर्माण भएका तर नक्सा पास हुन छुट भएका तथा साविकका धनसिंहपुर र नारायणपुर गा.वि.स.का घरहरु उल्लेख्य रुपमा नक्सा पास नभई निर्माण भएका कारणले घरधनिहरुबाट नक्सा पासका लागि पटक पटक अनुरोध गरीरहेको सन्दर्भमा हालको मापदण्ड पुरा नभई बनेका घरनक्सा हालको मापदण्ड बमोजिम नक्शापास गर्न नमिल्ने भएको हुँदा पुरानो मापदण्ड बमोजिम निर्माण भएका घरहरुको अभिलेखीकरण प्रयोजनका लागि ३ महिनाको सार्वजनिक सूचना प्रकाशन गर्ने र उक्त भवनहरुको प्राविधिक पक्षको विस्तृत

अध्ययन विश्लेषणको मापदण्ड तयार गरी अभिलेखिकरणका लागि थप प्राविधिक जनशक्ति आवश्यक भए सोको समेत व्यवस्था मिलाई प्रक्रिया अगाडि बढाउन नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं.१३: विद्यालय कार्यक्रम बाडफाड सम्बन्धमा ।**

निर्णय नं. १३ : प्रस्ताव नं. १३ उपर छलफलगर्दा नेपाल सरकार सशर्त अनुदान विद्यालय क्षेत्र विकास कार्यक्रम स्थानीय तहबाट सम्पादन हुने कार्यक्रमहरुको सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी शिक्षा तथा खेलकुद शाखाबाट पुष्ट्याई सहित पेश भएका तपसिल बमोजिमका कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

***तपसिल :***

***स्वीकृत कार्यक्रम तथा रकमको विवरण***

| क्र. स. | कार्यक्रमको नाम | विद्यालयको नाम र रकम | कैफियत |
|---|---|---|---|
| १. | पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण | १. शक्ती देवी आधारभूत विद्यालय , शक्ति नगर रु ७ लाख | विद्यार्थी संख्या भएको साथै व्यवस्थापन र शैक्षिक उपलब्धि राम्रो रहेको |
| | | २. जनजागृति मा.वि., सीतापुर ७ लाख | विद्यालयमा विद्यार्थीका लागि १ ओटा मात्र रहेकोले विद्यार्थी संख्याको अनुपातमा नपुग रहेको । |
| २. | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यस्थापन ( फिक्सीङ , किताब खरिद तथा इपुस्तकालय समेत ) अनुदान | १. कर्णाली मा.वि. ,सती रु ६ लाख ५० हजार | हाल सम्म पुस्तकालय स्थापना तथा व्यस्थापन अन्तरगत अनुदान प्राप्त नगरेको । |
| | | २. सेती मैया चौधरी मा.वि.,झुङ्गा सती रु ६ लाख ५० हजार | हाल सम्म पुस्तकालय स्थापना तथा व्यस्थापन अन्तरगत अनुदान प्राप्त नगरेको । |
| | | ३. त्रिभुवन मा.वि. , बसन्ता रु ६ लाख ५० हजार | हाल सम्म पुस्तकालय स्थापना तथा व्यस्थापन अन्तरगत अनुदान प्राप्त नगरेको । |
| ३. | माध्यमिक विद्यालयमा शिक्षण सिकाईमा ICT को प्रयोग ( कम्प्युटर, इन्टरनेट, कनेक्टवभटी इक्यूपमेन्टस तथा Kits खरिद ) का लागी अनुदान | १. हिमालय मा.वि., घिया रु ६ लाख ५० हजार | हाल सम्म शिक्षण सिकाईमा ICT को प्रयोग अन्तरगत अनुदान प्राप्त नगरेको । |
| | | २. जनता रा.मा.वि. , सुनाहाफाँटा रु ६ लाख ५० हजार | हाल सम्म शिक्षण सिकाईमा ICT को प्रयोग अन्तरगत अनुदान प्राप्त नगरेको । |
| ४. | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १. रा.मा.वि. , मनिकापुर रु ६ लाख ५० हजार | हाल सम्म विज्ञान प्रयोगशाला अन्तरगत अनुदान प्राप्त नगरेको । |
| | | २. कर्णाली मा.वि. , टीकापुर रु ६ लाख ५० हजार | प्राविधिक धार तर्फ कक्षा ११ - १२ मा समेत विज्ञान विषयको पठनपाठन हुने हुदा विज्ञान प्रयोगशाला आश्यक रहेको |
| ५. | आधारभूत तह कक्षा ६-८ का लागि गणित विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री Kits अनुदानका | १. कालिका आ.वि. , राजीपुर<br>२. रु ५० हजार | प्रस्ताव पेस गर्ने विद्यालय संख्या कोटा भन्दा बढी नभएको र विद्यालयलाई यो कार्यक्रम दिन उपयुक्त रहेको । |
| | | ३. नवदुर्गा आ.वि. , व्यवसायक्षेत्र<br>४. रु ५० हजार | प्रस्ताव पेस गर्ने विद्यालय संख्या कोटा भन्दा बढी नभएको र विद्यालयलाई यो कार्यक्रम दिन उपयुक्त रहेको । |

| | | | |
|---|---|---|---|
| | | ५. भानुभक्त आ.वि. , खक्रौला<br>६. रु ५० हजार | प्रस्ताव पेस गर्ने विद्यालय संख्या कोटा भन्दा बढी नभएको र विद्यालयलाई यो कार्यक्रम दिन उपयुक्त रहेको । |

१. शौचालयको ड्रइङ डिजाइन शिक्षा तथा मानव स्रोत विकासकेन्द्रबाट स्वीकृत ड्रइङ डिजाइन अनुसार हुनु पर्नेछ ।

२. विद्यालयहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेका मापडण्डका आधारमा विज्ञान प्रयोगशाला , पुस्तकालय र ICT LAB स्थापना गर्नु पर्नेछ । सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रिया पुरा गरि खरिद गर्नु पर्नेछ ।

**प्रस्ताव नं. १४ स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन सम्बन्धमा ।**

**निर्णय नं.१४** :प्रस्ताव नं. १४ उपर छलफल गर्दा स्थानीय नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न टीकापुर नगरपालिकाको स्वास्थ्य तथा सरसफाई कार्यविधिको दफा ५बमोजिम तपसिल अनुसार स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य :- अध्यक्ष

ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिर्वतन हुने गरी कार्यपालिकाले तोकेको १ जना :- **सदस्य (नगर प्रमुखले पछि तोके बमोजिम)**

ग) स्वास्थ्य आमा समुह र महिला स्वास्थ्य स्वंयसेवक संञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना :- सदस्य रुक्मणी शर्मा स्वयंसेविका, वडा नं १

घ) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक २ वर्षमा परिर्वतन हुने गरी कार्यपालिकाले तोकेको १ जना :- वडा नं. २ वडा अध्यक्ष,श्री प्रकाशबहादुर बुढाथोकी,

ङ) स्वास्थ्य तथा सरसफाई उपशाखा प्रमुख :- सदस्य सचिव

**प्रस्ताव नं. १५ :- कर्मचारीहरुको ईन्धन तथा सवारी मर्मत सुविधा र घरभाडा सम्बन्धि मापदण्ड सम्बन्धमा ।**

**निर्णय नं. १५ :-** प्रस्ताव नं. १५ उपर छलफल यस नगरपालिकामा विभिन्न तह र विभिन्न सेवाका कर्मचारीहरुको कार्यरत रहेको र कार्यालयको दैनिक कार्य सम्पादनको क्रममा प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुलाई समेत आवश्यकता अनुसार ईन्धन तथा मर्मत सुविधा उपलब्ध गराउदै आएकोमा एकरुपता कायम गर्न साथै पारदर्शिता कायम गर्न चालु वर्षको हकमा तपसिल बमोजिमका मापदण्ड बनाई ईन्धन तथा सवारी मरमत सुविधा उपलब्ध गराउने ।

## क) ईन्धन तथा सवारी मर्मत :

| क्र स | विवरण | ईन्धन (प्रति महिना) | कैफियत |
|---|---|---|---|
| १ | अधिकृत स्तरका कर्मचारि र फिल्डका कर्मचारि | १० लिटर | |
| २ | सहायक स्तरका कर्मचारि | ७ लिटर | |
| ३ | श्रेणि विहिन कर्मचारि | ५ लिटर | |
| ४ | नगर प्रहरि टोलि एकमुष्ट | ७ लिटर | आवश्यकता र औचित्यताका आधारमा वढिमा दुइ पटक |
| ५ | वडा सचिव र वडाका कर्मचारि | वडामा पठाएको सिमाका आधारमा | |

सवारि मरमत सुविधाका हकमा

- सवारि साधन मरमत माग गर्ने कर्मचारिसंग सरकारि साधन वा आफ्नो सवारि साधन भएको र सवारि चालक अनुमतिपत्र अनिवार्य रुपमा भएको हुनुपर्नेछ ।
- सरकारि कामकाजको सिलसिलामा खटाइएको अवस्थामा कुनै दुर्घटनामा परि क्षति भइ गाडि मरमत गर्नुपर्ने अवस्थामा प्रमुख प्रशासकिय अधिकृतले तोके वमोजिम र अन्य अवस्थामा पटक पटक भएको सवारि साधन मर्मतको विल आफैसंग राखि एकमुष्ट रुपमा अन्तिम चौमासिक तिर निवेदनका आधारमा माग गर्ने ।
- तोकिएको मापदण्ड अनुसार कार्य प्रकृति अनुसार कुनै महिनामा कुनै कर्मचारीलाई उपलब्ध गराईने ईन्धन अपुग हुने भएमा सम्बन्धित कर्मचारीले अपुग हुनुको कारण, औचित्य र पुष्ट्याई सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गरेमा प्रमुख प्रशासकीय अधिकृतले आदेश गरे बमोजिम थपघट हुन सक्नेछ ।
- सवारि साधनको मर्मत सम्भारको हकमा कामको प्रकृति आवश्यकता र औचित्यताका आधारमा कर्मचारिका हकमा एकमुष्ट रुपमा वार्षिक रुपमा वढिमा रु ८००० र श्रेणिविहिन कर्मचारिको हकमा रु ५००० उपलब्ध गराउने ।
-

ख) घरभाडा :

यस नगरपालिका क्षेत्र भित्र स्थायी घरवास नभई मासिक घरभाडा तिरी बस्नुपर्ने अधिकृत स्तरका कर्मचारीहरुको हकमा सहुलियत /राहत /उत्प्रेरणा स्वरुप चालु आ.व. का लागि लागु हुने गरि प्रति महिना घर भाडा वापत तपसिल बमोजिम सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१. रा.प. द्धितिय श्रेणी / अधिकृत स्तर नवौ/ दशौ तहका कर्मचारीका लागि बढिमा मासिक रु. ५,०००।- (घर बहाल कर सहित)

२. रा.प. तृतिय श्रेणी / अधिकृत स्तर छैठौ/सातौ/ आठौ तहका कर्मचारीका लागि बढिमा मासिक रु. ४,०००।- (घर बहाल कर सहित)

ग) नगर प्रमुख तथा उपप्रमुखका लागि पत्रपत्रिका , ईन्टरनेट तथा संचार सुविधा

| क्र.सं | सुविधा | सिमा | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय स्तरका बढीमा ३ किसिमका पत्रिका | वर्षिक रुपमा प्रचलित दरमा सम्झौता गरि आवास स्थल सम्म पुग्ने व्यवस्था गर्ने | |
| २ | ईन्टरनेट सुविधा | राम्रो speed भएको र पहुंच सहज भएको सेवा प्रदायकसँग वार्षिक सम्झौता गरि सुविधा उपलब्ध गराउने । | |
| ३ | टेलिफोन सुविधा | Landline फोनको नेपाल टेलिकममा तिरेको विलका आधारमा चौमासिक रुपमा भूक्तानी गर्ने | निवासमा जोडेको/रहेको फोन |
| ४ | निजी सचिवालय संचार सुविधा | प्रमुख तथा उपप्रमुखका निजी सचिवहरुले कार्यालय समय बाहेक संचार गर्नुपर्ने भएकोले मासिक ५००।- | |

**प्रस्ताव नं. १६: प्रहरी चौकी सत्तीको भवन निर्माण ईजाजत सम्वन्धमा ।**

**निर्यण नं.१६** : प्रस्ताव नं. १६ उपर छलफल गर्दा साविक नारायणपुर गा.वि.स. हाल ७ नं. वडा कार्यालय रहेको जग्गा नक्शामा प्रहरी चौकीको नाममा दर्ता रहेको देखिएको तथा साविक नारायणपुर गाविसले प्रहरी चौकीलाई जग्गा सोधभर्ना गर्ने प्रयोजनका लागि गाविस कै नाममा साविक नारायणपुर गाविस वडा नं. ६ कि.न. १०५६ रहेको ०(१०(५ धुर जग्गा खरिद गरिसकेको र कि.न. १०५५ क्षेत्रफल ०(१०(० जग्गा प्रहरी चौकीकै नाममा दर्ता श्रेस्ता कायम रहेकोमा उक्त कि.न. १०५५ मा भवन निर्माण ईजाजतका उपलब्धका लागि वडा कार्यालयवाट पत्र प्राप्त भएकोमा वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धि आभारभुत मापदण्ड २०७२ अनुसार भवन पक्की भवन निर्माण ईजाजत दिनका लागि मापदण्डको १३.१३ स्थानीय सडकको क्षेत्राधिकार सम्वन्धि भएको व्यवस्थामा सडकको केन्द्र विन्दुवाट न्युनतम ३ मिटर कायम हुनु पर्ने र सो सडक नक्शामा पास भएको देखिनुपर्ने भन्ने व्यवस्था भएता पनि नेपाल सरकारको प्रहरी चौकी स्थापनाको कार्यक्रमलाई सफल पार्न र प्रहरी चौकीको नाममा दर्ता जग्गा सोही स्थानमा मात्र भएको वुझिएकोले हाल कायम रहेको चलनचल्तीको सडकलाई आधार मानि प्रहरी चौकीको उक्त सरकारी भवन निर्माण प्रयोजनका लागि मात्र भवन निर्माणका लागि ईजाजत दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १७: घरेलु तथा साना उद्योग तालिम छनौट सम्बन्धमा ।**

**निर्णय नं. १७** :- प्रस्ताव नं. १७ उपर छलफल गर्दा घरेलु तथा साना उद्योग कार्यालय, धनगढि कैलालीको प.सं. २०७५/०७६, च.नं. १३६४, मिति २०७५/११/२८ को पत्रबाट अनुरोध भई आए बमोजिम तपसिल बमोजिमको तालिम संचालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | छनौट गरिएको तालिम | सहभागी संख्या | तलिम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | परम्परागत उद्योग प्रबर्द्धन कार्यक्रम | परम्परागत आरन व्यवसाय प्रबर्द्धन | १० | टीकापुर नगरपालिका वडा न .१ | वडा तहबाट समेटिने |
| २ | मूक्त कमैया, कम्लरी र हलिया सम्बन्धी | सिलाईकटाई सम्वन्धि २ लेवलको तालिम | १५ | टीकापुर नगरपालिका वडा नं.१ | |

**प्रस्ताव नं. १८** :विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ संशोधन सम्बन्धमा ।
निर्णय नं.१८: प्रस्ताव नं.१८ उपर छलफल गर्दा यस टीकापर नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ संशोधनका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

| मौजुदा रहेको दफा | संशोधन गरिएको दफा | कैफियत |
|---|---|---|
| मौजुदा व्यवस्था नभएको | मनविय क्षमता विकास, संस्थागत क्षमता विकास तथा विपद् जोखिम न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम सन्चालन गर्न टीकापुर नगरपालिकाको विपद् कोषबाट यसै ऐनको दफा ३ को नगर विपद् व्यवस्थापन समितिको निर्णयानुसार वार्षिक अधिकतम १५% (पन्ध्र प्रतिशत) मा नबढ्ने गरी कार्यक्रम वनाई खर्च गर्न सकिनेछ । | टीकापुर नगरपालिकाको मिति २०७५/०३/२५ मा स्वीकृत विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ मा विपद् जोखिम व्यवस्थापन संग सम्बन्धी विषय समेट्ने क्रममा मानवीय क्षमता विकास, संस्थागत क्षमता विकास तथा विपद् जोखिम न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम सन्चालन सम्बन्धी कानूनी व्यवस्था नसमेटिएकाले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १७ पछि दफा १७ (क) थप गरी देहायको कानूनी प्रावधान सहितको दफा थप गर्नुपर्ने । |

**प्रस्ताव नं. १९ : सिटी बसपार्क निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १९** : प्रस्ताव नं.१९ माथी छलफल गर्दा नगर विकास कोष,नयां वानेश्वर,काठाडौंको मिति २०७५।११।२२ को च.नं ६९५को प्राप्त पत्रमा उल्लेखित व्यहोरा अनुसार नगर विकास कोषबाट यस न.पा. वडा नं. १, ब्लक नं ११ स्थित टीकापुर बसपार्कको अध्ययन तथा डि.पी.आर. तयार गर्ने कार्यको लागि परामर्शदाता छनौट गरी पठाएकोमा सो कार्य अगाडी बढाउदा सोही समयमा उक्त बसपार्क निर्माणको लागि शहरी विकास मन्त्रालयबाट बजेट विनियोजन भई निर्माण कार्यको ठेक्का आव्हान भई सकेको अवस्था भएकोले उक्त बसपार्कको पुन : अर्को डि.पी.आर. तयार गर्न आवश्यक नपरेको हुंदा यस न.पा.बाट सिटी बसपार्कको अध्ययन कार्य तथा डि.पी.आर.तयार गर्न अनुरोध भए बमोजीम परामर्शदाताबाट उक्त कार्य अगाडी बढाईएकोमा सो बसपार्क निर्माण गरी दिगो रुपमा संचालन गर्न टीकापुर बसपार्क र सो सिटी बसपार्कको संयुक्त व्यवस्थापकिय योजना बनाई संचालन गरि अगाडी बढाउदा र टीकापुर बसपार्कको आन्तरिक आम्दानीबाट सिटी बसपार्कको निर्माणको लागि लिईने ऋणको सावा ,व्याज किस्ता भुक्तानी गर्न योजना तयार गरी संचालन गर्न उपयुक्त हुने देखिएको र यस न.पा.को आन्तरिक आयस्रोत तथा बसपार्कको पुर्वाधारको आवश्यकताको प्राथमिकता अनुसार उक्त बसपार्क Phasewise निर्माण गर्न नगर विकास कोष, काठमाडौंलाई अनुदान तथा ऋण सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२०: जनता आवास कार्यक्रम सम्बन्धमा ।**
**निर्णय नं.** २० : प्रस्ताव नं.२० उपर छलफल गर्दा नगरसभाबाट स्वीकृत जनता आवास कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने भन्ने विषयमा नगरप्रमुखज्यूबाट सरोकारवालाहरुबाट राय /सल्लाह/ सुझाव लिई प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.२१ :-विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा सम्बन्धमा ।**
**निर्णय नं.२१** :- प्रस्ताव नं.२१ उपर छलफल गर्दा यस टीकापुर नगरपालिकामा रहेको टीकापुर अस्पतालमा समुदायका मानिसहरुलाई विशेषज्ञ सेवा प्रदान गर्न एक जना फिजिसियन जनशक्तिको व्यवस्था गरिएकोमा निजलाई सेवा संचालन गरेवापत प्रोत्साहन स्वरुप थप सुविधा उपलब्ध गराउने सम्बन्धमा जनस्वास्थ्य प्रवर्द्धन उपशाखाबाट पेश भए बमोजिम सामाजिक विकास मन्त्रालयद्धारा विनियोजित आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमको लागि अनुदान शिर्षकबाट थप सुविधा स्वरुप मिति २०७५ फाल्गुण देखि बढीमा २०७६ असार मसान्त सम्मका लागि मासिक रु. २५०००।- (अक्षेरुपी पच्चिस हजार मात्र) दरले नगरपालिकाको तर्फबाट थप प्रोत्साहन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २२: कर्मचारी समायोजन सम्बन्धमा ।**

**निर्णय नं. २२ :-** प्रस्ताव नं.२२ उपर छलफल गर्दा कर्मचारी समायोजनको विषयमा नीतिगत मापदण्ड र कार्यविधि निर्माण गर्नुपर्ने र विस्तृत अध्ययन तथा छलफलबाट निर्णय गर्नुपर्ने भएकोले यस विषयलाई नगरसभाको बैठकमा आवश्यक निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२३ : प्राविधिक धार तर्फ वालि विज्ञान सन्चालनका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २३** : प्रस्ताव नं.२३ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. २ स्थित श्री जनजागृति मा.वि. सीतापुरले प्राविधिक धारतर्फ कक्षा ९ देखि बाली विज्ञान विषयको पठनपाठनका लागि अनुमती माग गरी निवेदन पेश भएकोमा उक्त विद्यालयलाई माग बमोजिमको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २४ :- बाटोको लगत कायम गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २४ :-** प्रस्ताव नं.२४ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं. १ (साविक वडा नं. ९) व्यवसाय क्षेत्र देखि बंगला पार्क सम्मको बाटोको लगत कट्टा गर्न बाँकि रहेकोमा बाँकि रहेको बाटोमा साविक टीकापुर विकास समितिबाट गरिएको प्लानिङ्ग बमोजिम २० मिटर कायम हुने गरी लगत कट्टा गरिदिनका लागि मालपोत कार्यालय, टीकापुरलाई सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५ : ख्याती प्राप्त ब्यक्तित्वको सम्मान सम्बन्धमा ।**

**निर्णय नं. २५** : प्रस्ताव नं. २५ उपर छलफल गर्दा टीकापुर क्षेत्रमा स्थायी ठेगाना भई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याती कमाउन सफल ब्यक्तित्वहरुलाई नगरपालिकाको तर्फबाट मेयर उपमेयरकप खेलकुद समापन समारोहमा सम्मान गर्ने भन्ने मिति २०७५/०९/२१ गतेको कार्यपालिका बैठकको निर्णयानुसार सम्मानित ब्यक्तित्वलाई सम्मान सहित उपलब्ध गराईएको रु. ५१ हजारको अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २६ : एक नेपाली एक फलफूल विरुवा रोपण अभियान सम्बन्धमा ।**

**निर्णय नं. २६** : प्रस्ताव नं. २६ उपर छलफल गर्दा प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयको प.सं.२०७५/७६/४३४४, मिति २०७६।०९।१५ को प्राप्त परिपत्र अनुसार एक नेपाली एक फलफूल विरुवा रोपण अभियानलाई सफल पार्न भनी लेखी आएकोले यस अभियानलाई सफल पार्नका लागि सामुहिक रुपमा पहल गने निर्णय गरियो ।

**प्रस्ताव नं. २७ : जिन्सी सामाग्री लिलाम, मिनाहा सम्बन्धमा ।**

**निर्णय नं. २७** : प्रस्ताव नं. २७ उपर छलफल गर्दा यस टीकापुर नगरपालिकाको स्थापनाकाल देखि हाल सम्म रहेका जिन्सी समाग्रीहरु मध्ये निकै पूराना र मर्मत हुन नसकि प्रयोगविहिन अवस्थामा रहेका जिन्सी सामाग्रीहरु तथा राज्य पूर्नसंरचना संगै यस नगरपालिकामा गाभिएका साविकका धनसिंहपुर गा.वि.स र नारायणपुर गा.वि.स (हाल वडा नं ६ देखि ९)मा समेत प्रयोग विहिन· अवस्थामा थुप्रै जिन्सी सामाग्रीहरु रहेका र विभिन्न जिन्सी निरीक्षण प्रतिवेदनहरुमा लिलाम तथा मिनाहा गर्नुपर्ने सामाग्रीको विवरण थप हुदै गएको र जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम तथा मिनाह गर्नुपर्ने भनि औल्याईएका विभिन्न सामाग्रीहरु तथा सेवा प्रवाह/सिफारिस र प्रमाणसंग सम्बन्धित पुराना प्रतिलिपी कागजातहरु पनि धुल्याउन नसकि निकै झुत्रो र धमिराले खाई प्रमाण नष्ट भएका साथै त्यस प्रकृतिका सामाग्रीहरुले अनावश्यक ठाउँ ओगटि कार्यालय ब्यवस्थापन गर्न निकै कठिनाई भईरहेकोमा त्यस प्रकृतिका सामाग्रीहरुको विवरण एकिन गरी लिलाम , मिनाह तथा धुल्याउनुपर्ने सामाग्रीहरुको विवरण तयार गरी यथाशिघ्र सो को प्रक्रिया अगाडि बढाउनका लागि तपसिलको समिति गठन गर्ने निर्णय गरियो साथै उक्त कार्यका लागि लाग्ने अतिरिक्त समय, प्रकृति, जनशक्तिका आधारमा नियमानुसार सुविधा उपलब्ध गराउने र उक्त समितिबाट नै यस कार्यालयमा रहेका एकीकृत सम्पत्तिकर सम्बन्धी व्यक्तिगत फाईलहरु सम्बन्धित वडामा पठाउने निर्णय गरियो ।

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख
... बहादुर रावल

**तपसिल :**

| | | |
|---|---|---|
| संयोजक | श्री अक्कल बहादुर माझी | कार्यपालिका सदस्य |
| सदस्य | श्री रन्जु आचार्य | प्रशासकीय अधिकृत |
| सदस्य | श्री निर्मला चौधरी | ना.सु. |
| सदस्य | श्री कमला पोखेल | खरिदार |
| सदस्य | श्री गम्भिर सिंह साउंद | अ.स. ईन्जिनियर |
| सदस्य | श्री पहल बहादुर शाही | नगर प्रहरी संयोजक |
| सदस्य सचिव | श्री दिला जोशी रेग्मी | ना.सु. |

**प्रस्ताव नं. २८ : करार कर्मचारीहरुको महंगी भत्ता सम्बन्धमा ।**

**निर्णय नं. २८** : प्रस्ताव नं. २८ उपर छलफल गर्दा यस टीकापुर नगरपालिका, नगर कार्यपालिका कार्यालयको स्वीकृत दरबन्दि संरचना भित्र करार सेवा अन्तर्गत रहेका कर्मचारीलाई २०७५ चैत्र महिना देखि २०७६ आषाढ मसान्त सम्म प्रतिब्यक्ति प्रति महिना रु. १०००।-(एक हजार)का दरले महंगी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २९ : सडकबत्ति जडानका लागि सहयोगी सम्बन्धमा ।**

**निर्णय नं. २९** : प्रस्ताव नं. २९ उपर छलफल गर्दा यस नगरपालिकामा एक जनामात्र ईलेक्ट्रीसियन रहेको र ईलेक्ट्रसियनले नगरक्षेत्रका विभिन्न स्थानमा सडकबत्ति जडान सम्बन्धि कार्य गर्नुपर्ने भएको र कार्यालयमा पनि विद्युत सँग सम्बन्धित कार्यहरु गर्दा एक जना सिढि लगायतका कार्यहरुमा सहयोग गर्ने गर्दा एक जना सहयोगिको आवश्यकता महशुष भएकोले विद्युत जडान सम्बन्धी कार्य गर्नुपर्ने दिनहरुमा नगर दररेटमा नबढ्ने गरी एक जना सहयोगी ज्यालादारीमा व्यवस्था गर्न कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३० : जिम्मेवारी तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. ३०** : प्रस्ताव नं. ३० उपर छलफल गर्दा कर्मचारी समायोजनका क्रममा कार्यालयमा समायोजन भएर आउने कर्मचारीको संख्या भन्दा अन्यत्र समायोजन भएर जाने कर्मचारीको संख्या बढी भएका कारण कार्यालय तथा वडामा कर्मचारीको कमी हुन. देखिएकाले अर्को व्यवस्था नभए सम्मका लागि विगतदेखि वडा सचिवका रुपमा कार्यरत रहेका कर्मचारीलाई समेत दिईएको सचिवको जिम्मेवारीलाई निरन्तरता दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३१ : बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ३१** : प्रस्ताव नं. ३१ उपर छलफल गर्दा यस नगरपालिकामा विभिन्न संघ/संस्थाहरुबाट विभिन्न कार्यक्रम संचालनका लागि विभिन्न मितिमा निवेदन पेश भएको सन्दर्भमा, यस अघिनै केही संघ/संस्थाहरुबाट कार्यक्रम सम्पन्न भई सकेको र भूक्तानी गर्न उक्त संघ/संस्थाहरुमा दायित्व सृजना भएको तथा स्रोत व्यवस्थापन गर्न नसकेकोले आवश्यक सहयोगका लागि वारम्वार अनुरोध तथा ताकेता गरीरहेको तथा केहि संघ/संस्था तथा कार्यक्रम सन्चालनका लागि अनुरोध भई आएको सम्बन्धमा तपसिल बमोजिमका संघ/संस्थाहरुलाई आ.व. ०७५/०७६ मा विभिन्न शिर्षक अन्तर्गत विनियोजित बजेटबाट तपसिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

नगर प्रमुख
रामचन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

केन्द्र स्तरबाट विनियोजित एकमुष्ट कार्यक्रमबाट विनियोजित थप कार्यक्रमहरु

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | बिनियोजीत रकम | सम्बन्धित कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | बिरेन्द्र बहुमुखि क्याम्पसको फर्निचर व्यवस्थपान | ३००००० | लागत सहभागीताका योजना तथा कार्यक्रम (कम्तिमा ५०%) | लागत अनुमानको ४९ प्रतिशत |
| २ | कर्णाली मा.वि., टी.न.पा.१को भवन रंगरोगन | २५०००० | लागत सहभागीताका योजना तथा कार्यक्रम (कम्तिमा ५०%) | लागत अनुमानको ४९ प्रतिशत |
| ३ | पोलिटेक्निकल इन्सिच्युट, वडा नं.५ सवारी साधन पार्किंग निर्माण स्थल | १५०००० | लागत सहभागीताका योजना तथा कार्यक्रम (कम्तिमा ५०%) | लागत अनुमानको ४९ प्रतिशत |
| ४ | शसस्त्र वेश क्याम्प, खक्रौलाको अस्थायी टहरा निर्माण | ३००००० | लागत सहभागीताका योजना तथा कार्यक्रम (कम्तिमा ५०%) | लागत अनुमानको ४९ प्रतिशत |
| ५ | श्रोत केन्द्र स्तरीय खेलकुद कार्यक्रम राष्ट्रिय मा.वि., बेलुवा, टी.न.पा.६ | २१५००० | मेयर उपमेयर कप, श्रोत केन्द्र स्तरीय खेलकुद लगायतका अन्य खेलकुद सञ्चालन कार्यक्रम | |
| ६ | खेलकुद कार्यक्रम श्रोत केन्द्र स्तरीय नवदुर्गा आधारभुत विद्यालय, टी.न.पा.१ | २०३००० | मेयर उपमेयर कप, श्रोत केन्द्र स्तरीय खेलकुद लगायतका अन्य खेलकुद सञ्चालन कार्यक्रम | |
| ९ | वडा नं.१ मा रहेको शिवमन्दिरको आश्रम मरमत | ५०००० | कार्यक्रम खर्च (भैपरि आउने तथा आकस्मिक) | |
| १० | कर्णाली सेवा समाज तागा ग्रहण कार्यक्रम | ८०००० | कार्यक्रम खर्च (भैपरि आउने तथा आकस्मिक) | |
| ११ | हिमालय मा वि अमरावतिमा भएको महायज्ञ कार्यक्रममा सहयोग | ५०००० | कार्यक्रम खर्च (भैपरि आउने तथा आकस्मिक) | |
| १२ | सुदुरपश्चिम प्रदेश महिला उद्यमी समितिद्वारा आयोजित प्रविधि प्रदर्शनी मेला, २०७५ | ५०००० | कार्यक्रम खर्च (भैपरि आउने तथा आकस्मिक) | |
| १३ | नेपाल मगर संघको कार्यक्रमको लागि सहयोग | २०००० | कार्यक्रम खर्च (भैपरि आउने तथा आकस्मिक) | |
| १४ | मलेपको प्रतिवेदनको दफा १६ अनुसार सामाजिक सुरक्षा भत्ता मध्येको फिर्ता गर्नुपर्ने रकम | ९१७५९० | कार्यक्रम खर्च (भैपरि आउने तथा आकस्मिक) | |

नगर-प्रमुख
राघवेन्द्र बहादुर रावल
टीकापुर नगरपालिका, टीकापुर, कैलाली